# विश्वविद्यालय अनुदान आयोग

पत्र संख्याः

च. नं.: ६२०/०७७/७८

मितिः २०७७/१२/०९

**विषयः** विद्यालय तह र विश्वविद्यालयहरुको पाठ्यक्रमसँग अन्तरसम्बन्ध कायम गर्ने सम्बन्धमा ।

श्री त्रिभुवन विश्वविद्यालय, किर्तिपुर ।
श्री नेपाल संस्कृत विश्वविद्यालय, बेलझुण्डी, दाङ्ग ।
श्री काठमाण्डौ विश्वविद्यालय, धुलिखेल ।
श्री पूर्वाञ्चल विश्वविद्यालय, विराटनगर ।
श्री पोखरा विश्वविद्यालय, पोखरा ।
श्री लुम्बिनी बौद्ध विश्वविद्यालय, लुम्बिनी, रुपन्देही ।
श्री कृषि तथा वन विज्ञान विश्वविद्यालय, रामपुर चितवन ।
श्री नेपाल खुल्ला विश्वविद्यालय, कुमारीपाटी, ललितपुर ।
श्री मध्य पश्चिमाञ्चल विश्वविद्यालय, वीरेन्द्रनगर, सुर्खेत ।
श्री सुदूर पश्चिमाञ्चल विश्वविद्यालय, महेन्द्रनगर ।
श्री जनकराजर्षि विश्वविद्यालय, जनकपुर ।

उपयुक्त सम्बन्धमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय प.स.०७७/०७८ च.नं ३०३ मिति २०७७/११/१३ को पत्र द्वारा शैक्षिक वर्ष २०७७ बाट कक्षा १ मा एकीकृत पाठ्यक्रम र कक्षा ११ मा एकलपथीय नयाँ पाठ्यक्रम कार्यान्वयनको थालनी तथा शैक्षिक वर्ष २०८० सम्ममा सबै कक्षामा लागु गरिसक्ने कार्ययोजना रहेकोले सोही अनुसार विश्वविद्यालयहरुमा पाठ्यक्रम लम्बीय र समतलीय मिलान तथा सोही अनुसार विद्यार्थी भर्ना गर्ने व्यवस्था सम्बन्धमा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्यांकन परिषदको मिति २०७७/१०/१५ को बैठकको निर्णयानुसार आवश्यक व्यवस्था समन्वय सहजिकरण गर्न २०७७/११/०२ मा माननीय मन्त्रीस्तरबाट आयोगमा लेखि आएकोले सोही अनुरुप गर्न गराउनका लागि यो पत्र पठाईएको व्यहोरा अनुरोध छ ।

.....................
(उषा खकुरेल)
प्रशासकीय अधिकृत

सानोठिमी, भक्तपुर, फोन: ६६३८४५८, ६६३८५४८, ६६३८५५०, ६६३८५५१, फ्याक्स: ९७७-१-६६३८५५२, पोष्ट बक्स नं. १०७९६ काठमाडौं, नेपाल

## नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

विद्यालय शिक्षा

पत्र संख्या:- ०७८।०७८

चलानी नं.:- ३०३

सिंहदरबार,

काठमाडौं, नेपाल

मिति:२०७७/११/१६

विषय : विद्यालय तह र विश्वविद्यालयहरुको पाठयक्रमसँग अन्तरसम्बनध कायम गर्ने सम्बन्धमा ।

श्री विश्वविद्यालय अनुदान आयोग
सानोठिमी, भक्तपुर ।

विश्वविद्यालय अनुदान आयोग
दर्ता नं. ४६०५
मिति: २०७७।१२।०६

पाठ्यक्रम विकास केन्द्रको च.नं.३८२ मिति २०७७।१०।२१ को पत्रबाट विद्यालय शिक्षा कक्षा १-१२ सम्म भएको र शैक्षिक वर्ष २०७७ बाट कक्षा १ मा एकीकृत पाठ्यक्रम र कक्षा ११ मा एकलपथीय नयाँ पाठ्यक्रम कार्यान्वयनको थालनी भएको तथा शैक्षिक वर्ष २०८० सम्ममा सबै कक्षामा लागु गरिसक्ने कार्ययोजना रहेको सन्दर्भमा सोहीअनुसार विश्वविद्यालयहरुमा पाठ्यक्रमको लम्बीय र समतलीय मिलान तथा सोहीअनुसार विद्यार्थी भर्ना गर्ने व्यवस्था सम्बन्धमा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्यांङ्कन परिषदको मिति २०७७।१०।१५ को बैठकको निर्णयानुसार सिफारिस भई आएकोले सो अनुसारको व्यवस्थाका लागि आवश्यक समन्वय र सहजिकरण गर्न त्यहाँ आयोगलाई लेखि पठाउने भनी मिति २०७७।११।०२ मा माननीय मन्त्रीस्तरबाट निर्णय भएकाले निर्णयानुसार हुन अनुरोध गरिन्छ ।

बोधार्थ:
श्री पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर ।

गीता शर्मा
शाखा अधिकृत

श्री सचिवज्यू,
वि.वि.हरुलाई अवगत गराउन आ.का.
२०७७।१२।०६

श्री प्रशासन
सबै विश्वविद्यालयहरुलाई परिपत्र गर्ने
०७७।१२।०६